# नेपाल राष्ट्र बैंक
# विदेशी विनिमय व्यवस्थापन विभागको

## सूचना

नेपालमा स्थापना हुने उद्योग/फर्म/कम्पनीमा नेपाल सरकारको सम्वन्धित निकाय र यस बैंकको स्वीकृती लिई भएको विदेशी लगानी र सोही बमोजिम स्वीकृति लिई विदेशवाट लिएको ऋण तथा लगानी सम्वन्धी विवरणको अभिलेख अद्यावधिक गर्न आवश्यक भएकोले त्यस्तो लगानी रहेका/ऋण लिएका उद्योग/फर्म/कम्पनीको अभिलेख राख्ने व्यवस्था गरिएको हुँदा देहाय वमोजिम गर्नु गराउनु हुन सम्वन्धित सबै उद्योग/फर्म/कम्पनीहरुलाई जानकारी गराइन्छ ।

१. यस बैंकवाट यस अघि नै स्वीकृती लिई विदेशी लगानी (ऋण समेत) भित्र्याउने उद्योग फर्म/कम्पनीमा भएको यथार्थ लगानीको विवरण अद्यावधिक गर्नका लागि यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागमा आवेदन दिई विदेशी लगानीको अभिलेख गराउनुपर्नेछ ।

२. यसरी विदेशी लगानी (ऋण समेत) स्वीकृति लिइसकेका र यस पछि स्वीकृति लिने उद्योग/फर्म/कम्पनीले आफ्नो उद्योगको लागि स्वीकृत भएको विदेशी लगानी रकम (ऋण समेत) र भित्र्याएको बैदेशिक लगानी (ऋण समेत) को विवरण प्रत्येक आर्थिक वर्षको साउन र माघ महिनामा यस विभागमा अनिवार्य रुपमा उपलव्ध गराउनुपर्नेछ । एक पटक विवरण अद्यावधिक गराएपछि सोही विवरण पुनः पठाउनुपर्ने छैन । तर लगानी थप भएमा वा स्वीकृत लगानीको बाँकी रकम भित्रिएमा भने यस व्यवस्था बमोजिमको विवरण अद्यावधिक गराउनु पर्नेछ ।